त्रिभुवन विश्वविद्यालय
Tribhuvan University
इन्जिनियरिङ्ग अध्ययन संस्थान
Institute of Engineering
थापाथली क्याम्पस
THAPATHALI CAMPUS

GPO Box-280, Thapathali, Kathmandu
Tel: 4-246465, 4218300, Fax: 977-1-4247340
E-mail: info@tcioe.edu.np
Website: www.tcioe.edu.np
गोश्वारा पो.ब.नं. २८०, थापाथली, काठमाडौं
फोन-४२४६४६५, ४२४६३०७
फ्याक्स: ९७७-१-४२४७३४०

मिति २०७९।०१।०४

# संसोधीत पाँचौं भर्ना सूची सम्वन्धी सुचना ।

पाँचौं भर्ना सूची प्रकाशित भई २०७९।०१।०४ गते विहान ११:०० वजे देखि २:०० वजे सम्म दावी विरोधको समय राखिएकोमा सो समय भित्र कुनै पनि दावी विरोध नपरेकोले पुर्व प्रकाशित भर्ना सूची लाई नै संशोधित पाँचौ भर्ना सूची कायम गरिएको छ ।

*** पाँचौं सूचीको भर्ना २०७९।०१।०५ र ६ गते विहान ११:०० वजे देखि अपरान्ह ३:०० बजे सम्म । ***

**भर्नाको लागि आवश्यक कागजातहरु Notary Public बाट अनिवार्य प्रमाणित गरेर ल्याउनु पर्ने छ ।**
**भर्ना हुदा लाग्ने शुल्क र अनिवार्य रुपमा पेश गर्नुपर्ने कागजातहरु**

१. हालसालै खिचेको पासपोर्ट साइजको फोटो २ प्रति ।
२. नेपाली नागरिताको प्रमाणपत्रको सक्कल र प्रमाणित प्रतिलिपि १ प्रति ।
३. Online Form भर्दा प्राप्त थापाथली क्याम्पसको Color Confirmation Page १ प्रति ।
४. प्रवेशिका (एस.एल.सी.) वा सो सरहको परीक्षाको लब्धांङ्ग, सम्वन्धित वोर्डले प्रदान गरेको प्रमाणपत्र वा Provisional Certificate र चारित्रिक प्रमाणपत्रको सक्कल र प्रमाणित १ प्रति ।
५. मान्यता प्राप्त शिक्षण संस्थाबाट भौतिक शास्त्र, रसायन शास्त्र तथा ११ र १२ कक्षामा गणित विषय लिई प्रवीणता प्रमाणपत्र तह, उच्च माध्यमिक तह वा A Level वा इन्जिनियरिङ्ग डिप्लोमा तह वा सो सरहको परीक्षामा कूल पूर्णाङ्कको कम्तिमा ४५ प्रतिशत तथा Letter Grading भएमा NEB को हकमा सवै विषयहरुमा Final Grade मा न्युनतम C Grade प्राप्त गरी उत्तीर्ण गरको लब्धाङ्कपत्र (Transcript), सम्वन्धित वोर्डले प्रदान गरेको प्रमाणपत्र वा Provisional Certificate र चारित्रिक प्रमाणपत्रहरुको सक्कल र प्रमाणित प्रतिलिपि १ प्रति ।
६. त्रि.वि. वाहेक अन्य परीक्षा बोर्ड बाट १०+२ तह वा सो सरहको परीक्षा उत्तीर्ण गर्नेहरुले सम्वन्धित बोर्डको माइग्रेसन सर्टिफिकेटको सक्कल र प्रमाणित १ प्रति ।
७. भर्ना हुनको लागि NIC ASIA बैंकको यस क्याम्पसमा संचालन हुने Counter वाट नागरिकता वा जन्मदर्ता प्रमाण पत्रको फोटोकपि संलग्न गरि भर्ना हुन चाहने आवेदकले खाता खोली तपशिल वमोजिमको रकम Deposit गरेर यस क्याम्पसको चल्ति खाता नं. 9944330892524001 मा रकम जम्मा हुने गरि बैंकबाट प्राप्त भएको भौचर ।

| कार्यक्रम | जम्मा गर्नुपर्ने रकम रु. | | कैफियत |
|---|---|---|---|
| नियमित | १०,८७४।- | BCE,BEI, BARCH, BME<br>BIE, BAME,BCT | BCE :- Civil Engineering<br>BARCH :- Architecture<br>BEI :- Electronics, Communication and Information Engineering<br>BAME :- Automobile Engineering<br>BCT :- Computer Engineering<br>BIE :- Industrial Engineering<br>BME :- Mechanical Engineering |
| पूर्णशुल्कीय | ७८,१५०।- | BCE, BEI, BME, BARCH<br>BIE, BAME,BCT | |

द्रष्ट्व्य:
१. त्रि.वि. मा दर्ता भएका विद्यार्थीहरुको त्रि.वि दर्ता शूल्क रकम रु. ५००।- कूल भर्ना शूल्कमा कटाई तिर्नुहोला ।
२. भर्ना सूचीमा भर्नाको लागि तोकिएको दिनहरुमा आकस्मिक विदा पर्न गएमा पनि भर्ना कार्यक्रम यथावत रहनेछ ।
३. पाँचौं भर्ना सूचीमा नाम प्रकाशन भएका आवेदकहरुले भर्ना नगरी स्थान रिक्त रहन गएमा मात्र छैठौं सूची २०७९ बैशाख ७ गते विहान १०:०० वजे प्रकाशन गरिनेछ ।
४. भर्ना सूचीमा नाम प्रकाशन भई तोकिएको समयमा भर्ना नहुने आवेदकहरुको नाम आवेदकको सूचीबाट हटाइनेछ र पछि प्रकाशन हुने सूचिहरुमा समावेश गरिने छैन ।
५. तल्लो प्राथमिकताका कार्यक्रममा नाम प्रकाशित भई भर्ना भैसकेका आवेदकहरुको योग्यताक्रमले भ्याएमा पछिल्लो सूचीवाट माथिल्लो प्राथमिकता तोकेको कार्यक्रमहरुमा नाम प्रकाशित गरिनेछ । पूर्णशुल्कीय कार्यक्रम अन्तर्गत भर्नाको लागि पनि यहि नियम लागु हुनेछ । अर्थात कुनै नियमित कार्यक्रममा भर्ना भएका आवेदकहरुको नाम माथिल्लो प्राथमिकता दिएको कारण पछि पूर्णशुल्कीय कार्यक्रममा निस्केमा निज पूर्णशुल्कीय कार्यक्रममा अनिवार्य भर्ना हुनु पर्नेछ र नभएमा निजको भर्ना खारेज गरिनेछ । तर भर्ना सूचीमा नाम प्रकाशन भई भर्ना भईसकेका कुनै विद्यार्थीले अब उप्रान्त माथिल्लो प्राथमिकता नसर्ने भनि लिखित निवेदन दिएमा मात्र त्यस्ता आवेदक भर्ना भएकै कार्यक्रममा रहन सक्नेछ ।

***भर्ना सम्बन्धी सम्पूर्ण सूचना यस थापाथली क्याम्पसको web site:- www.tcioe.edu.np मा हेर्न सकिनेछ ।***

अध्यक्ष
वी.ई । वी.आर्क भर्ना समिति २०७८,
इ.अ.सं., थापाथली क्याम्पस,